
# कार्यक्षेत्रमा पत्रकारहरुका भोगाई

## बृहत् शान्ति सम्झौतापछि नेपालको प्रेस स्वतन्त्रताको अवस्था : एक अध्ययन



विकास पत्रकार मञ्च
३ मे २००७




यो विश्व प्रेस स्वतन्त्रता दिवसअन्तर्गत यस वर्षको विश्वव्यापी नारा 'प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा र दण्डहीनता' का सन्दर्भमा विकास पत्रकार मञ्चद्वारा तयार गरिएको पुस्तिका हो । पुस्तिकामा छनौट भएका र प्रस्तुत गरिएका तथ्य तथा अभिव्यक्त विचारहरूका लागि लेखकहरू स्वयम् जिम्मेवार छन् । यसमा संलग्न विचार तथा तथ्यहरू युनेस्कोको होइन र यसप्रति संस्था जवाफदेही हुने छैन । यस पुस्तिकामा संलग्न कुनै पनि देश, भूभाग, शहर, क्षेत्र विशेष वा यसका जिम्मेवार निकायहरूको कानुनी आधार र उनीहरूको सीमाहरू निर्धारण तथा प्रयोग भएका पदहरूले युनेस्कोको आफना विचारहरू व्यक्त गर्दैनन् ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संस्था (युनेस्को)
काठमाडौं कार्यालयद्वारा २००७ मा प्रकाशित

काठमाडौं-सीआई-२००७/०१
चित्रण : देवेन्द्र पाण्डे, युनेस्को काठमाडौं

लेआउट तथा मुद्रण : डिजाइन भेन्चर

KAT-CI-2007/01

**विस्तृत जानकारीका लागि**

**युनेस्को काठमाडौं**
जावलाखेल, ललितपुर
पोष्ट बक्स नम्बर: १४३९१ काठमाडौं, नेपाल
ईमेल : kathmandu@unesco.org
टेलिफोन : ९७७-०१-५५५४-३९६/७६९
फ्याक्स : ९७७-०१-५५५४-४५०
वेभसाइट : www.unesco.org/kathmandu

**विकास पत्रकार मञ्च (फोडेज)**
काठमाडौं
पोष्ट बक्स नम्बर ८९७३ एनपीसी ६०९
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
ईमेल : fodejnepal@gmail.com
टेलिफोन/फ्याक्स : ९७७-०१-६२०७०४७
वेभसाइट : www.fodej.org.np

United Nations
Educational, Scientific and
Cultural Organization

Forum of Development Journalists
FoDeJ
Kathmandu, Nepal

## यस पुस्तिकाको बारेमा

यस पुस्तिकाभित्र अप्रिल २००७ को केही सातामा विभिन्न कार्यक्षेत्रबाट संकलन गरिएका सञ्चारकर्मीसंग सम्बन्धित घटना तथा जानकारीहरू संलग्न छन् । सूचना संकलन र घटना अध्ययनका लागि हामी इलाम, मोरङ, सुनसरी, सिराहा, सप्तरी, बर्दिया, नेपालगञ्ज, धादिङ र काभ्रेपलाञ्चोक जिल्लाहरूको भ्रमण गरेका थियौं । यस प्रकाशनमा संलग्न गरिएका सबै घटनाहरू नेपाल सरकार र नेकपा माओवादीबीच गत नोभेम्वर २१ मा भएको बृहत् शान्ति सम्झौतापछिका अवधीमा भएका हुन ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर गरिएको उक्त जानकारीहरूको संकलन उद्देश्य द्वन्द्व समाप्तिपछिको प्रेस स्वन्त्रताको वास्तविक अवस्था चित्रण गर्नु हो । यो पुस्तिकाले हाम्रा खोजहरूको चित्रण तथा विश्लेषण गर्ने प्रयत्न गरेको छ । हामी विस्वस्त छौं कि, यो पुस्तिकाले विश्व प्रेस स्वतन्त्रता दिवस २००७ को नारा 'प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा र दण्डहीनता' लाई नेपालको वर्तमान अवस्थासँग सामयिक गर्न मद्दत पुऱ्याउने छ ।

यस पुस्तिकामा संलग्न तथ्याङ्क, घटना र विचारहरू स्थलगत अध्ययन तथा अध्ययनकर्ता स्वयम्द्वारा संकलन गरिएका तथा अन्य स्रोत र सन्दर्भ सामाग्रीहरूबाट जम्मा पारिएका हुन । यस पुस्तकमा राखिएका घटना अध्ययनहरू मोफसलका विभिन्न भागहरूमा कार्यरत पत्रकारहरूको व्यक्तिगत अनुभवमा आधारित छन् । व्यक्तिगत सुरक्षाका कारण उनीहरूको नाम परिवर्तन गरिएका छन् ।

**विकास पत्रकार मञ्च**
**काठमाडौं**

## प्राक्कथन

यस पुस्तिका प्रकाशनमा सहयोग गर्नुहुने युनेस्को काठमाडौं कार्यालयप्रति हार्दिक आभार प्रकट गर्दछौ । विशेषत: यो पुस्तिकालाई अनुसन्धानक्रमदेखि प्रकाशनको अन्तिम रूपसम्म महत्त्वपूर्ण सल्लाह र सहयोग दिनुहुने युनेस्कोका क्रिस्टीन इभर्सन र एनीलिज ओलिजप्रति हामी आभारी छौं । सञ्चारका प्रवृत्तिका बारेमा आफ्ना गहन विचार दिएर सहयोग गर्नुहुने राष्ट्रिय समाचार समितिका अध्यक्ष तथा नेपाल पत्रकार महासंघका पूर्वसभापति तारानाथ दाहालप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौ । यसैगरी सञ्चारको वर्तमान परिस्थितिबारेमा अनुभव आदानप्रदान गर्नु हुने पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी र नेपाली सञ्चार क्षेत्रका कानुनी अवस्थाबारेमा जानकारी गराउनुहुने महासंघका महासचिव महेन्द्र विष्टप्रति पनि आभारी छौं ।

यसैगरी नेपाली र अङ्ग्रेजी भाषामा पुस्तक लेखन तथा तथा भाषा सम्पादनमा सहयोग गर्नुहुने पत्रकारद्वय क्रमश: नेपाल साप्ताहिकका सरोजराज अधिकारी र द काठमाडौं पोष्ट का कोषराज कोइरालाप्रति पनि आभारी छौं । अनुसन्धान तथा पुस्तक लेखनमा सहयोग गर्नु हुने गोपाल शुभेच्छु र राजु बरालको सहयोग सराहनीय छ । अनुसन्धान तथा तथ्याङ्क संकलनमा सहयोग गर्नुहुने श्याम अधिकारी, दुर्गा मैनाली, सीता निरौला, राम भट्टराई र प्रतीक अधिकारीप्रति ऋणी छौ । मञ्चका जिल्ला प्रतिनिधिहरूले समयमा समन्वय नगरिदिएको भए पुस्तिकालाई यो रूपमा ल्याउन सम्भव थिएन । पुस्तिकाको चित्रण गर्नुहुने देवेन्द्र पाण्डेप्रति पनि धन्यवाद ज्ञापन गर्न चाहन्छौ । अन्त्यमा सहकर्मी साथीहरू र उत्साहपूर्वक सूचना र विचार आदानप्रदान गर्नुहुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छौ । यो कार्यमा सहयोग गर्नुहुने सम्बन्धित संस्थाहरू, सदस्यहरूलगायत सम्पूर्ण साथीहरूप्रति पनि आभारी छौ ।

**अर्जुन भट्टराई**
अध्यक्ष
विकास पत्रकार मञ्च
३० अप्रिल २००७

## दुई शब्द

सन् २००६ को शान्ति सम्झौताले नेपालको लोकतान्त्रिक संरचना लगायत प्रेस स्वतन्त्रताको महत्वपूर्ण क्षेत्रका लागि परिवर्तनको अवसरहरूको ढोका खोलेको छ । एउटा स्वस्थ समाजमा स्वतन्त्र, बहुलवादी र निष्पक्ष प्रेस लगायत अन्य महत्वपुर्ण पक्षहरूको अन्तरनिहित सम्वन्धले लोकतान्त्रिक समाजको विकासका लागि प्रेस स्वतन्त्रता अनिवार्य भएको पुष्टि गर्दछ । यूनेस्कोका निर्देशक "कोईचो मात्सुउराका बुझाईमा- स्वतन्त्र प्रेस एउटा विलासी चिज होइन जो सही समयका लागी पर्खी रहन्छ, यो त ती राम्रा समय प्राप्त गर्नका लागी गरिने एउटा सानो प्रयासको हिस्सा मात्र हो ।"

यूनेस्कोको सहयोगमा पेरिसमा सन् २००६ को जुनमा सम्पन्न अनुसन्धानात्मक सेमिनारले प्रेस स्वतन्त्रता र असल शासन वीचको गहिरो सम्वन्ध माथि प्रकास पारेको थियो । पुर्ण प्रेस स्वतन्त्रता सँग राजनीतिक स्थिरता, सरकारी प्रभावकारिता, कानूनी शासन र भ्रष्टाचार एक-आपसमा अन्तरसम्बन्धित रहेका हुन्छन् । यसले प्रेसको पहरेदारको भुमिकाको महत्वलाई प्रष्ट पार्दछ । यसका अतिरिक्त प्रेस स्वतन्त्रता भएमा मात्र आर्थिक विकास तथा गरीबी विरूद्धको लडाईमा सुधार आउँछ । प्रेस स्वतन्त्रताले स्वास्थ्यमा भएको सार्वजनिक खर्च, औषत आयु, बालमृत्युदर जस्ता कुराहरूसँग पनि सम्बन्ध राख्दछ । तसर्थ, प्रेस स्वतन्त्रता तथा शिक्षाको एक आपससँग महत्वपूर्ण सम्बन्ध छ । प्रेस स्वतन्त्रताले शिक्षालाई बढावा दिन्छ र शिक्षाको गहिरो प्रभाव स्वतन्त्र सञ्चारमा रहने गर्दछ । जति धेरै मानिस शिक्षित हुन्छन, त्यति नै बढी उनीहरू प्रेस स्वतन्त्रताबाट लाभान्वित हुन्छन । यसका साथै शिक्षाले प्रेस स्वतन्त्रताको रक्षार्थ मानिसहरूले चाल्ने कदमहरूलाई पनि बढाउँदछ ।

विश्व प्रेस स्वतन्त्रता दिवस ३ मे, २००४ मा सर्विया मोन्टेनेग्रोको बेलग्रेडमा सम्पन्न "द्वन्द्वग्रस्त तथा संक्रमणकालीन अवस्थामा रहेका देशहरूका सञ्चार क्षेत्रका लागि सहयोग" सम्मेलनमा सहभागी राष्ट्रका प्रतिनिधिहरूले निर्विबादरूपमा भन्ने घोषणा गरेका थिए । "लोकतन्त्र र स्थायी शान्तिको प्राप्ती अन्तर्राष्ट्रिय मानव अधिकार बिषेशगरी विश्व मानव अधिकार घोषणापत्रको दफा १९ मा उल्लेख गरिएको अभिब्यक्ति स्वतन्त्रताको अधिकारको सम्मानमा निर्भर रहने छ ।" (बेलग्रेड घोषणा, २००४)

शब्द र विम्ब मार्फत स्वतन्त्र विचारहरूको प्रवाहलाई प्रबर्द्धन गर्ने यूनेस्को म्यान्डेटलाई स्मरण गर्दै प्रकाशन गरिएका यो पुस्तिकामा संलग्न सामाग्रीहरूले नेपाली प्रेसलाई स्वतन्त्र र निष्पक्ष बनाउन तत्काल कदम चाल्नु पर्ने आवश्यकतालाई प्रकाश पार्न मद्धत गर्दछ । यसले नेपाली नागरिकहरूलाई पूर्णरूपमा सूचनाको पँहुच पुऱ्याउन महत्वपूर्ण प्रयासहरूको आवश्यकतामा थप जोड दिन्छ । यहाँ उल्लेख भएका घटनाहरूले स्वतन्त्रताको अधिकार, व्यक्तिको सुरक्षा र  अभिव्यक्ति स्वतन्त्रताको अधिकार हनन भएको देखाउछन । यी अधिकारहरू अन्तर्राष्ट्रिय सन्धि सम्झौताले पहिचान तथा प्रत्याभुत गरेका आधारभूत मानव अधिकारहरू हुन ।

उचित समयमा चालिएको यो प्रयासले नेपालमा प्रेस स्वतन्त्रताको अवस्थाको बारेमा सचेतना जगाउनुको साथै आवश्यक कदमहरू चाल्न तथा सकारात्मक परिवर्तनहरूलाई मजबुत गराउन प्रोत्साहन गर्नेछ भन्ने मलाई आशा छ ।



**हमिद ए. हकिम**
**अफिसर इन चार्ज, यूनेस्को कार्यालय,**
**काठमाण्डौं**

**(प्रस्तुत मन्तव्य हमिद ए. हकिमको अंग्रेजीबाट नेपालीमा अनुवाद गरिएको हो ।)**

विषय-सूचि

## विषय-सूचि

पृष्ठ


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | कार्यक्षेत्रमा पत्रकारहरूका भोगाई | ४ |
| ३. | शान्तिकालीन अवस्थामा भएका प्रेस स्वतन्त्रता उलङ्घनको विश्लेषण | २२ |
| ४. | नेपाल सरकार र नेकपा माओवादीबीचका बृहत् शान्ति सम्झौतापछि सञ्चार क्षेत्रमा भएका घटनाहरू | २३ |
| ५. | नेपाली महिला पत्रकारहरूको सवाल | २६ |
| ६. | दण्ड सजायबाट छुट | २७ |
| ७. | नेपालमा प्रेस स्वतन्त्रता लागि भएका केही संवैधानिक व्यवस्था | २८ |
| ८. | निष्कर्ष र सुझावहरू | २९ |
| ९ | सन्दर्भ सामाग्री | ३३ |


प्रेस



तर, विस २०५२ सालबाट नेकपा माओवादीले शुरू गरेको सशस्त्र जनयुद्धले अलिअलि बामे सर्न लागेको नेपाली सञ्चारले अकल्पनीय कठिनाईहरु सहन बाध्य भयो । एक दशक लामो समय चलेको युद्धले सबैखाले सम्भावनाहरुलाई बन्द मात्र होइन, भएका संरचनाहरु ध्वंस गर्नसमेत शुरू गर्‍यो । मुलुकमा ठूलो राजनीतिक अस्थिरताको अवस्था सिर्जना भयो । यही कारण जनताले आधारभूत नागरिक र राजनीतिक अधिकार उपभोग गर्न पाएनन भने सञ्चार क्षेत्र सबैको निशाना बन्यो । फलस्वरुप, धेरै सञ्चारगृहहरु बन्द भए र अरू धेरै सङ्ख्यामा तहसनहस पारिए । धेरै सङ्ख्यामा व्यवसायिक पत्रकारहरुलाई मनोवैज्ञानिक दबाब सिर्जना गर्ने, अपहरण र बिनापुर्जी पक्राउ गर्ने गरियो । सञ्चार क्षैत्रमा क्रियाशील धेरै मानिसहरु सुरक्षाफौज र माओवादी छापामारका धम्कीका कारण विस्थापित भए ।

# पृष्ठभूमि

नेपालको बदलिँदो राजनीतिक परिस्थितिका कारण सञ्चार क्षेत्रले पनि धेरै उतारचढावहरू सामना गर्नुपरेको छ । विस २०४६ पूर्व सञ्चार क्षेत्र पूर्णरूपमा सरकारको नियन्त्रण र दायराभित्र थियो । त्यसबेलामा सरकारी रेडियो, टेलिभिजन र पत्रिका सार्वजनिक सञ्चारमाध्यमका रूपमा थिए भने केही न्यून सङ्ख्यामा निजि क्षेत्रका सञ्चार माध्यमहरू सञ्चालनमा थिए । प्रजातन्त्र पुनःस्थापनापछि उदार सञ्चार नीतिको संवैधानिक व्यवस्थाका कारण छोटो समयमै सञ्चारमा तीव्र विकास भयो । परिणाम स्वरूप विस २०४६ पछि केन्द्रदेखि मोफसलसम्म निजि क्षेत्रमा प्रशस्त विद्युतीय र छापा सञ्चारमाध्यमको उदय भयो ।

२० औं शताव्दीको उत्तरार्धमा पनि नेपाली जनताको लागि नौलो बनेको सञ्चार क्षेत्र जनचाहना अनुरूपको सामग्रीहरूको प्रसारण तथा प्रकाशनका कारण थोरै समयमै नेपाली जनतामाझ लोकप्रिय बन्न पुग्यो । साथै, मुलुकको हरेक कुनाका जनताहरू पनि पर्याप्त मात्रामा सु-सूचित हुने अवस्था सिर्जना भयो । यसै लोकप्रियताका साथ विश्वव्यापीकरणको प्रभाव र निष्पक्ष तथा स्वतन्त्र सञ्चारको अवधारणामा भएको विकासले एक दशक नबित्दै मुलुकको सञ्चार जगतले बृहत् छलाङ् मार्‍यो ।

तर, विस २०५२ सालबाट नेकपा माओवादीले शुरु गरेको सशस्त्र जनयुद्धले अलिअलि बामे सर्न लागेको नेपाली सञ्चारले अकल्पनीय कठिनाईहरू सहन बाध्य भयो । एक दशक लामो समय चलेको युद्धले सबैखाले सम्भावनाहरूलाई बन्द मात्र होइन, भएका संरचनाहरू ध्वंस गर्नसमेत शुरु गर्‍यो । मुलुकमा ठूलो राजनीतिक अस्थिरताको अवस्था सिर्जना भयो । यही कारण जनताले आधारभूत नागरिक र राजनीतिक अधिकार उपभोग गर्न पाएनन भने सञ्चार क्षेत्र सबैको निशाना बन्यो । फलस्वरूप, धेरै सञ्चारगृहहरू बन्द भए र अरु धेरै सङ्ख्यामा तहसनहस पारिए । धेरै सङ्ख्यामा व्यवसायिक पत्रकारहरूलाई मनोवैज्ञानिक दबाब सिर्जना गर्ने, अपहरण र बिनापुर्जी पक्राऊ गर्ने गरियो । सञ्चार क्षेत्रमा क्रियाशील धेरै मानिसहरू सुरक्षाफौज र माओवादी छापामारका धम्कीका कारण विस्थापित भए ।

नेपाली राजनीतिक घटनाक्रममा जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गरी २०६१ माघ १९ देखि राजाले प्रत्यक्ष रूपमै मुलुकको शासनभार ग्रहण गरे । राजाले आफूले शासनभार लिएपछि प्रकाशन गृहहरूमाथि सेन्सरसिप शुरु भयो । धेरै प्रकाशनहरू बन्द भए । रेडियो, पत्रपत्रिका, टेलिभिजन, टेलिफोन, अनलाइन सेवा सबैमा नियन्त्रण गरियो । पत्रकारहरूमाथि पनि राज्य र विद्रोही गरी दुवै पक्षबाट कुटपिट, पक्राउ, धम्की, दुर्व्यवहार, अपहरण,




जीवनहरणजस्ता ज्यादतीहरू भइरहे । नेपाल पत्रकार महासंघको तथ्याङ्कअनुसार १५ महिने राजाको प्रत्यक्ष शासनकालमा मात्र दुई पत्रकारहरूले जीवन गुमाए भने ८३ जनामाथि अमानवीय यातना दिइयो । ११ जनाको अपहरण भयो । त्यस अवधिमा मात्र चार सय नौ जना पत्रकारहरू पक्राऊ परे । एक सय ७९ लाई अनेकखाले चेतावनी र ५५ जनाको पेशामा प्रत्यक्ष अवरोध पुऱ्याइयो । सोहीक्रममा देशभर ५५ वटा सञ्चार गृहहरूमा प्रकाशन अवरोध पुऱ्याइयो भने एक सय आठ पत्रिकाहरू बन्द नै भए । यसबीच पत्रकार तथा सञ्चार गृहहरूमाथि भएका आगजनी र ध्वंसात्मक घटनाहरू दुई सय ५० वटा भए ।

सञ्चारमाथिको दमन र दुर्व्यवहार अन्त्यका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरबाट चर्को दबाब आयो र त्यसको प्रभाव केही थिएन । त्यसकारण निरङ्कुशताविरुद्धको जनआन्दोलनको घोषणासँगै नेपाली सञ्चार क्षेत्र पनि पूर्ण प्रेस स्वतन्त्रताको बहालीका लागि देशव्यापी आन्दोलनमा उत्रियो । यति मात्र होइन नेपाली सञ्चारजगत सिङ्गो लोकतन्त्रको आन्दोलनलाई नै काँधका बोकेर त्यसलाई विजयी बनाउनसमेत सफल भयो । जनआन्दोलनपछिको सकारात्मक राजनीतिक विकासक्रमले नयाँ राजनीतिक प्रणालीका लागि ढोका पनि खुल्ला गरेको छ । जनआन्दोलनका कारण राजाले सम्पूर्ण सार्वभौम अधिकार जनतालाई फर्काएका छन भने संसद् पनि पुनःस्थापना भएको छ । गत वर्ष मङ्सिर ५ गते नेकपा माओवादी र नेपाल सरकारबीच भएको बृहत् शान्ति सम्झौताले एक दशक लामो जनयुद्धको विधिवत समाप्तिसँगै विस २०६४ साल भित्रमा संविधानसभाको चुनाव सम्पन्न गर्ने प्रतिबद्धता पनि आइसकेको छ । अन्ततः नेपाली सञ्चार क्षेत्र स्वतन्त्र हुनेमा धेरै मानिसको अनुमान छ ।



# कार्यक्षेत्रका पत्रकारहरुका भोगाई

सुमनका अनुसार हुम्लाका पत्रकारहरुले सरकारी पक्षमा सेना र प्रहरीबाट तथा गैरसरकारी पक्षमा माओवादीबाट दिनहुँजसो अनेकखाले धाकधम्कीहरु सहनुपर्छ । “सबैले आफ्नो पक्षमा समाचार नलेखे जे पनि हुन सक्छ भन्दै धम्क्याउँछन,” उनी भन्छन् ।

### सुमनः हुम्लाबाट

मध्यपश्चिमको विकट जिल्ला हुम्लामा रहेर विगत पाँच वर्षदेखि पत्रकारितामा सक्रिय २५ वर्षीय सुमन विशेषतः विद्युतीय सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मी हुन् । एक विद्युतीय सञ्चारमाध्यमका हुम्ला प्रतिनिधि सुमनसँग ग्रामीण तथा दुर्गम क्षेत्रको पत्रकारिताका समस्या र पीडाहरूको राम्रो अनुभव छ । “एक हप्तासम्म पैदल हिंडेर एउटा समाचार तयार गरी सम्प्रेषण गर्दाको मज्जा बेग्लै हुन्छ,” उनी भन्छन्, “तर त्यसभित्रको पीडालाई भने कसैले बुझ्न सक्तैनन् ।”

नेपालमा व्यवसायिक पत्रकारिताको राम्रो विकास हुन नसकेकोमा उनी दुःखी छन् । "अनेकखाले धम्की र मानसिक यातनाको सिकार बन्नुका बाबजुद सत्य/तथ्यपरक समाचार सम्प्रेषण गर्न नपाउँदा मन जति खिन्न हुन्छ, त्योभन्दा बढी जीवनको असुरक्षाको चिन्ताले सताउँछ," उनी भन्छन् । समाचारकै कारण दर्जनौंपटक धम्की, गाली, बेइजती र मानसिक यातना खेपेका उनको पेशागत जीवनमा बृहत् शान्ति सम्झौतापछि पनि यस्ता शृङ्खलाहरू लम्बिरहेका छन् ।

२०६३ मङ्सिर पहिलो साताको घटना हो । नेकपा माओवादीले हुम्ला सदरमुकाम नजिकैको एक गाउामा पसी रातभर अथाह कुटपिट गरेर स्थानीयवासीलाई आतङ्कित पारे । भोलिपल्ट त्यो समाचार संकलन गर्न पुगेका उनलाई माओवादीले धम्की दिए, "यो समाचार टेलिभिजनमा आएमा तिमीमाथि जस्तो कारवाही पनि हुनसक्छ ।" आफ्नै जीवन सुरक्षाको सुनिश्चितता नदेखेपछि उनले तयारी अवस्थाको समाचार पनि सम्प्रेषण गर्न सकेनन् । अन्यत्र प्रचार गर्न सक्ने अवस्था नभएकाले उनले यो घटनाको जानकारी स्थानिय संस्थाको स्थानीय शाखामा जानकारी गराए ।

सुमनका अनुसार हुम्लाका पत्रकारहरूले सरकारी पक्षमा सेना र प्रहरीबाट तथा गैरसरकारी पक्षमा माओवादीबाट दिनहुजसो अनेकखाले धाकधम्कीहरू सहनुपर्छ । "सबैले आफ्नो पक्षमा समाचार नलेखे जे पनि हुन सक्छ भन्दै धम्क्याउँछन," उनी भन्छन् ।

हुम्लामा भौतिक  पुर्वाधारको र सञ्चार सुविधाको अभाव रहेको छ । हुम्लाको हिमाली वातावरणका कारण हिँडडुलमा पनि कठिनाई हुने गर्छ । हुम्लाको कुल क्षेत्रफल पाँच हजार पाँच सय ५६ वर्ग किलोमिटर छ । त्यसमा एक प्रतिशत मात्र खेतीयोग्य जमिन भए पनि प्रशस्त जमिन भएको जिल्लाका रूपमा चिनिएको छ । यस्तो अवस्थाले हुम्लामा खाद्य भण्डार गर्न बाध्य बनाएको छ । हुम्लाको सदरमुकाम सिमकोटमा राखिएको खाध्य गोदामबाट प्रत्येक व्यक्तिलाई प्रतिमहिना ३ किलोका दरले सहुलियत दरमा खाद्यान्न दिने गरिन्छ । विशेषतः नेपाल प्रहरीले गर्ने गरेको चामल दुरूपयोगको घटनामा महिनैपिच्छे तथा वर्षैपिच्छे पत्रकारहरूले समाचार नलेख्न दबाब, धम्की र मानसिक यातना सहनुपर्छ । सिमित मात्र खाद्यान्न पुग्ने कर्णालीका जिल्लाहरूमा प्रहरीले चामलको दुरूपयोग गरी रक्सी बनाउने गरेबाट स्थानीयबासीहरू सधैं अभावमा बस्नुपर्छ । जुन समाचार प्रचारमा आउन नदिन प्रहरीले नै दबाब दिने गर्छन ।

"हुम्लामा विभिन्न समुहहरूबाट आउने धम्कीका कारण कुनै पनि पत्रकारहरूले व्यवसायिक पत्रकारिता गर्न सकेका छैनन् । अनेकखाले धम्की, दबाब, प्रतिबन्ध र मानसिक यातनाहरूको बीचबाट समाचार संकलन गर्नु वा कसैको पक्षधर भएर सम्प्रेषण गर्नु हुम्लाका पत्रकारहरूको बाध्यता हो" उनी भन्छन । "यही बाध्यताले गर्दा जनतामा गलत सूचना नजाओस भनेर संकलन गरिएका धेरै समाचारहरू हामी सम्प्रेषण नै गर्दैनौ," उनी भन्छन ।




वि विगतको राजनीतिक द्वन्द्वका कारण विस्थापित कृषि विकास बैंक र नेपाल राष्ट्र बैंकहरूलाई पुनःस्थापना गराउन दबाब दिँदै स्थानीयवासीहरुले बन्द र आन्दोलन शुरू गरेका थिए । सो विरोध कार्यक्रमको समाचार सम्प्रेषण नगरेको आरोप लगाउँदै त्यसैभित्रको एक समूहले फोनबाट धम्की दिने काम अघिल्लो दिनबाटै गर्दै आएका थिए ।
उक्त साँझ हुल बाँधेर आएका उनीहरुले बाहिर बोलाउँदै ज्यान लिने धम्की दिए। एकातिर रातको समय, त्यसमा पनि महिला पत्राकारमाथि भएको दुर्व्यवहार र जीवनहरणको प्रयास, घटनाको जुनुसुकै शब्दले निन्दा गरे पनि पुग्दैन । स्थानीयवासीको सहयोगमा उनी जोगिन सफल भए पनि आक्रमणकारीले स्थानीय सञ्चार कार्यालयमा तोडफोड गरी गएका थिए । आक्रमणकारीहरु 'अब उपरान्त यस क्षेत्रका कुनै पनि समाचारहरु सम्प्रेषण नगर्नु' भन्ने चेतावनी दिन पनि पछि परेनन् ।

## कामना : इलामबाट

कामना इलामको एक सक्रिय महिला पत्राकारका रूपमा चिनिन्छिन् । चार वर्ष अघिबाट पत्रकारिता शुरु गरेकी उनले थोरै समयमा धेरै अनुभवहरू बटुलिसकेकी छन् । पत्रकारिता गरेकै कारण पटक पटक दुर्व्यवहारहरूको सिकार बन्नु परे पनि उनलाई पत्रकारिताप्रति नैराश्यता जागेको छैन । "ज्यान मार्ने धम्कीसँग त डराइन, सामान्य दुर्व्यवहारहरू सहन त गाह्रै भएन नि," उनी भन्छिन् ।

२०६३ साल चैत २७ गतेका दिन रातको साढे आठ बजे, त्यो पनि ज्यान लिने उद्देश्यसाथ एक समूह आक्रमणको तयारीमा आएको उनलाई सम्झना छ । "बाहिर आईज, हामी माछौं," आक्रमणकारीले प्रयोग गरेको भाषा जस्ताको तस्तै सुनाउँछिन् उनी ।

विगतको राजनीतिक द्वन्द्वका कारण विस्थापित कृषि विकास बैंक र नेपाल राष्ट्र बैंकहरुलाई पुनःस्थापना गराउन दबाब दिँदै स्थानीयवासीहरूले बन्द र आन्दोलन शुरु गरेका थिए । सो विरोध कार्यक्रमको समाचार सम्प्रेषण नगरेको आरोप लगाउँदै त्यसैभित्रको एक समूहले फोनबाट धम्की दिने काम अघिल्लो दिनबाटै गर्दै आएका थिए ।

उक्त साँझ हुल बाँधेर आएका उनीहरूले बाहिर बोलाउँदै ज्यान लिने धम्की दिए । एकातिर रातको समय, त्यसमा पनि महिला पत्राकारमाथि भएको दुर्व्यवहार र जीवनहरणको प्रयास, घटनाको जुनसुकै शब्दले निन्दा गरे पनि पुग्दैन । स्थानीयवासीको सहयोगमा उनी जोगिन सफल भए पनि आक्रमणकारीले स्थानीय सञ्चार कार्यालयमा तोडफोड गरी गएका थिए । आक्रमणकारीहरू 'अब उपरान्त यस क्षेत्रका कुनै पनि समाचारहरू सम्प्रेषण नगर्नु' भन्ने चेतावनी दिन पनि पछि परेनन् । समाचारको बारेमा स्पष्टीकरण दिनैपर्ने बाध्यता त मोफसल तथा ग्रामीण पत्रकारिताको एउटा चुनौतीपूर्ण समस्या नै बनेको छ । उनी भन्छिन्, "शान्ति सम्झौतापछि होस् वा अघि प्रसारण तथा प्रकाशन भएको र नभएको दुवैखाले समाचारहरूमा पटकपटक स्पष्टीकरण पेश गर्न बाध्य गराइएको छ ।" हुन त समाचारको स्रोत खोज्दै आउनेहरू पनि कम हुँदैनन् । राज्यभर हुने गरेका यस्ता घटनाहरूले देशले शान्तिपूर्ण अवतरण लिए पनि पत्रकारिता क्षेत्र स्वतन्त्र र सुरक्षित बन्न नसकेको इङ्गित गर्छ । "दण्डहिनताको अन्त्य गर्दै स्वतन्त्र पत्रकारिताको सम्मान गर्ने अवस्था राज्यले नै सिर्जना नगरेसम्म नेपाली पत्रकारिताले कत्ति पनि राहतको अनुभव गर्न पाउँदैन," उनी थप्छिन् ।

## नवीन : सप्तरीबाट

"नेपाल सरकार र नेकपा माओवादीबीचको शान्ति सम्झौतापछि निकै ढुक्क थिए तर चैतको पहिलो साता सप्तरीको कठ्ठेमा भएको एक घटनाले मलाई मानसिक विमारी मात्र बनाएको छैन, मेरो पत्रकारिता पेशा नै जोखिममा पर्न लागेको छ" यो भनाइ एक राष्ट्रिय दैनिकका सप्तरी संवाददाता नवीनको हो । आफ्नो सात वर्ष लामो पत्रिकारिताका क्रममा धेरै




“पत्रकारिता गरेर आफ्नो पाँच जनाको परिवार पाल्दै आएको पत्रकार माथिको माओवादी र जनतान्त्रिकको बढ्दो आक्रमणका कारण राजधानीमा विस्थापित जीवन बिताउनुपर्ने परिस्थिति बन्दै गएको छ” उनी भन्छन ।

उतारचढाव देखेका उनी यतिखेर जीवनमै कहिल्यै भोग्नु नपरेको मानसिक तनावमा छन् । उनी आफूमाथि भएको अन्यायको न्याय कसले र कुन निकायले दिने हो भन्ने कुराको अडकलसम्म पनि काटन सकेका छैनन । उनले यो पीडा समाचार लेखेबापत नै झेलिरहेका छन् । चैतको पहिलो साता शिक्षक नियुक्तिको विषयमा भएको विवादका क्रममा नेकपा माओवादीले गोली हानी दुई सर्वसाधारणको हत्या प्रयास प्रयास गरेको सम्बन्धी समाचारलाई मुद्दा बनाएर माओवादीका अन्तरिम व्यवस्थापिका एक संसद् सदस्य उनलाई सार्वजनिक स्थानमै अप्रिय धम्की दिए । एक दैनिकको प्रथम पृष्ठमा प्रकाशित सोही समाचारलाई लिएर माओवादीका स्थानीय कार्यकर्ताहरूले पनि टेलिफोनमार्फत पटकपटक त्यस्तै अप्रिय धम्की दिन थालेपछि मानसिक पीडामात्र होइन, विस्थापित नै हुने अवस्थामा पुगेका छन् उनी । एक व्यवसायिक पत्रकारका नाताले जनताको सरोकारको विषयलाई प्राथमिकता दिनुलाई पेशाप्रतिको समर्पण र पत्रकारिताको धर्म मान्ने उनी भन्छन्, “तर शान्ति सम्झौतामा हस्ताक्षर गरिसकेको अवस्थामा पनि त्यसैलाई आधार बनाएर सञ्चारकर्मीमाथि हुने यस्ता ज्यादती गैरजिम्मेवारपूर्ण कार्य हो ।”

यो घटनाका सम्बन्धमा पत्रकार महासङ्घ, स्थानीय ब्यूरो प्रमुख तथा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराए पनि आश्वासन दिनेबाहेक अन्य कुनै पहल नभएको नवीन बताउँछन् । यतिखेर न उनले स्वतन्त्र रूपमा काम गर्ने वातावरण बनेको छ न त कुनै निकायबाट दोषीमाथि नै कारवाही भएको छ । “यस्तै घटनाले गर्दा दण्डहीनतालाई प्रोत्साहन मिलेको छ,” उनको बुझाइ छ । नेकपा माओवादी सरकारमासमेत सामेल भइसकेकाले यस्ता घटनाका दोषीमाथि तत्काल कारवाही गरी पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्ने पर्ने उनको जिकीर छ । माओवादीबाट मात्र होइन, जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) को समूहबाट पनि बारम्बार मानसिक यातना भोगिरहेका छन्, नवीन । एक अर्को समाचार लेखेको, जनतान्त्रिकको पक्षमा समाचार नलेखेकोजस्ता विषयलाई लिएर मोर्चाका कार्यकर्ताले उनलाई पटकपटक मानसिक यातना दिएका छन् । तराईमा हिंसा मच्चाइरहेको जनतान्त्रिक र शान्तिमार्गमा आएको भनिएको माओवादी दुवै पक्षबाट यसरी नै स्वतन्त्र प्रेसमाथि आक्रमण हुने हो भने दिगो शान्तिको कामना एउटा कोरा कल्पना मात्र हुने निश्चित छ । “पत्रकारिता गरेर आफ्नो पाँच जनाको परिवार पाल्दै आएको पत्रकार माथिको माओवादी र जनतान्त्रिकको बढ्दो आक्रमणका कारण राजधानीमा विस्थापित जीवन बिताउनुपर्ने परिस्थिति बन्दै गएको छ” उनी भन्छन ।





## कपिल : बर्दियाबाट

पत्रकारिताका क्षेत्रमा पाँच वर्ष पुरा गरिसकेका कपिल, जो एक राष्ट्रिय दैनिकका बर्दिया संवाददाता हुन, त्यस क्षेत्रकै सबैभन्दा बढी पीडित पत्रकार मानिन्छन् । द्वन्द्वकालमा पनि समाचार संकलनका क्रममा थुप्रै सास्ती खेपेका उनी नेपाल सरकार र नेकपा माओवादीबीचको मङ्सिर ५ गतेको ऐतिहासिक शान्ति सम्झौतापछि पनि थुप्रै समस्यासँग जुधिरहेका छन् ।

शान्ति सम्झौतापछि पेशागत सुरक्षाको आशा राखेका कपिल अझ पनि अप्रत्यक्ष धम्की खेप्दै आएको बताउँछन् । पछिल्लोपटक बाँकेको राप्ती पारी समाचार संकलनका लागि जाँदा उनलाई यस्तो धम्की आएको थियो । आफू कार्यरत दैनिकमा अवैद्य वन फडानीमा नेकपा माओवादी पनि संलग्न भएको समाचार प्रकाशित भए पश्चात उनी माओवादीको तारो भएका हुन् ।

०६३ पुस १ गते समाचार संकलनका क्रममा बर्दियाको राजापुर पुगेका उनलाई माओवादीले नियन्त्रणमा लिइ मानसिक यातना दिए । वन फडानीसम्बन्धी समाचारको प्रकरणलाई लिएर माओवादीका बाँकेका एक इन्चार्जले त प्रत्यक्ष रूपमा ज्यान मार्ने धम्की नै दिएको उनी बताउँछन् । "घर त आउलास् त्यतिबेला कसरी बाँच्दो रहेछस्," माओवादीका स्थानीय इन्चार्जले फोनबाट धम्क्याएको कुरा जस्ताको तस्तै सुनाउछन्, कपील । "अहिले पनि घर जाँदा दिउँस धेरै साथीहरू बटुलेर जानुपर्ने अवस्था छ । राति त घरमा बास बस्न सक्ने अवस्था नै छैन," मलिनो अनुहार बनाउँदै कपिल आफ्नो पीडा थप्छन् । उनी आंशिक विस्थापितका रूपमा नेपालगञ्जमा बस्दै आएका छन् । समाचार संकलनका लागि सदरमुकाम गुलरिया जाँदा पनि डराइडराइ जानुपर्ने अवस्था भएको उनी बताउँछन् । सोही दिन समाचार संकलन सकेर फर्कंदा प्रहरीबाट पनि सास्ती भोग्नुपर्‍यो उनले । दुई घण्टाको नियन्त्रणपश्चात मोटरसाइकल कब्जामा लिएर उनलाई छाडेका थिए प्रहरीले । "पछि जिल्ला प्रशासन कार्यालय पुगेर मोटरसाइकल लिएर आए," उनी भन्छन् ।

तराईमा चर्केको हिंसाको चपेटामा पनि उनी परेका छन् । ०६३ फागुन २४ गते बाँकेको खजुरामा मधेशी जनअधिकार फोरमका कार्यकर्ताले दुई घण्टा घेरा हाली मानसिक यातना दिनुका साथै उनको मोटरसाइकलमा सामान्य क्षतिसमेत पुऱ्याए । मोटरसाइकलमा भएको पाँच हजार रुपियाँ बराबरको

क्षतिको क्षतिपूर्ति पनि नपाएको उनी बताउछन । "तर कुनै निकायबाट खासै राम्रो रेस्पोन्स र सुरक्षाको प्रत्याभूति पाएको छैन," आफ्नो अनुभव उनी सुनाउछन् ।

कपिलको भनाईमा सञ्चार गृहले स्थायित्वको ग्यारेन्टी र जीवन बिमाको व्यवस्था गर्नुपर्छ । यस्तो प्रतिकूलताबीच काम गर्दा पनि जागिरको ग्यारेन्टी नहुनु विडम्बनापूर्ण कार्य हो । त्यसैगरी नागरिक समाजले उचित मूल्याङ्कन, समीक्षा र अनुगमन तथा राजनीतिक दलले जायज कुरामा साथ दिने गरेमा सञ्चारकर्मीलाई इमान्दार, लगनशील र निष्पक्ष भइ कार्य गर्न सघाउ पुग्ने उनी बताउँछन् ।

## कमल : बाँकेबाट

पत्रकार कमलसँग पाँच वर्ष लामो व्यवसायिक पत्रकारिताको अनुभव छ । यस दौरान उनले थुप्रै प्रतिकुलताहरूसँग जुधिसकेका छन्, खासगरी द्वन्द्वकालमा । नेपाल सरकार र नेकपा माओवादीबीच भएको मङ्सिर ५ गतेको ऐतिहासिक शान्ति सम्झौतापछि आम जनमानसमा मुलुकमा शान्ति स्थापना हुने आशा पलाए पनि एक पत्रकारका रूपमा कमलका पेशागत जटिलता कम भएका छैनन् ।

नेकपा माओवादी कार्यकर्ता बताउने समूहबाट ०६३ असारदेखि नै उनले भौतिक कारवाहीको प्रत्यक्ष धम्की खेप्दै आएका थिए । "अप्रत्यक्ष रूपमा त्यस्ता धम्की अहिले पनि आइरहेका छन्," मङ्सिर ५ गतेपछिको अवस्थाबारे उनी भन्छन्, "यस्ता धम्की ज्यान लिनेसम्मका हुन्छन्, उपत्यकाबाहिर काम गर्ने पत्रकार भएको हैसियतले म सधैं असुरक्षित महशुस गर्छु ।"

उनका अनुसार पछिल्लो समय तराईमा चर्किएको हिंसाले झनै असुरक्षा बढाएको छ । ०६३ फागुन २३ गते मधेशी जनअधिकार फोरमका लाठी, भाला, खुर्पा, हसिया, खुकुरीलगायतका करिव दुई सय हतियारधारी समूहले बाँकेको मानपुरमा उनलाई दुई घण्टा जति घेरा हाली मानसिक यातना दिए । "समाचारका लागि खिचिएका सबै तस्बिरहरू मेटाएर मात्र मुक्त गरियो," आफ्नो पीडा सुनाउँदै कमलले भने । त्यसपछि उनी करिव ३ घण्टा प्रहरीको संरक्षणमा बसे । उनका अनुसार सो घटना एक सय जति जनपद र सशस्त्र प्रहरीकै अगाडि भएको थियो । "उनीहरूकै अगाडि तस्बिरहरू मेटाइँदा पनि प्रहरी मूकदर्शक बसे," उनको गुनासो छ ।

यी घटनाका बारेमा नेपालगञ्जका स्थानीय सञ्चार माध्यम, नेपाल पत्रकार महासंघ,प्रेस चौतारी नेपाल र काठमाडौंबाट आएको सञ्चारकर्मीको मिसन टोलीलाई




जानकारी गराए पनि सरोकारवालाहरूको आवश्यक ध्यानाकर्षण नभएको उनको बुझाइ छ ।

असुरक्षा, पेशागत स्थायित्वको अभाव र क्षमता अभिवृद्धिमूलक कार्यक्रम नहुनु वर्तमान नेपाली पत्रकारिताका मुख्य समस्याहरू ठान्छन् उनी । पत्रकार आफू निष्पक्ष र तटस्थ हुनुपर्छ भन्ने उनी राज्यले पनि उचित सुरक्षाको ग्यारेन्टी, स्पष्ट नीति निर्माण गर्नुका साथै " सञ्चारकर्मीको वृत्ति विकासका कार्यक्रमहरू ल्याउनुपर्नेमा जोड दिन्छन् ।

कमलको भनाईमा सञ्चार गृहहरूले चाहिँ स्थायित्व प्रदान, जीवन बिमा र आधुनिक उपकरणको व्यवस्था गर्नुपर्छ । राजनीतिक दलले नीति निर्माणमा सघाउने, स्वच्छ वातावरण बनाउन मद्दत गर्नुपर्ने बताउने उनी नागरिक समाजले उचित समीक्षा, मुल्याङ्कन र अनुगमन गरिदेओस् भन्ने चाहन्छन् । अन्तमा उनी भन्छन्, "सुरक्षा निकायले पनि सञ्चारकर्मीप्रति सम्मान र सद्भाव देखाउनुपर्छ ।




"महिला पत्रकारहरू उनीहरूबाट मानसिक र शारीरिक बलात्कारको शिकार पनि भएको पाइन्छ," उनी भन्छिन्, "तर यस्तो घटना सार्वजनिक भएमा उल्टै महिलाहरूको सामाजिक अस्तित्वमा ठेस लाग्ने भएकाले हम्मेसी बाहिर आउँदैनन् ।"

## मीना : सुनसरी

पूर्वाञ्चल, धरानमा क्रियाशील मीना मोफसलमा रहेर पत्रकारिता गर्ने धेरै नै कम महिला पत्रकारहरूमध्ये एक हुन् । पत्रकारिता क्षेत्रमा एक दशकभन्दा बढी समय बिताइसकेकी उनीसँग थुप्रैखाले अनुभव छ । आफूलाई व्यवसायिक पत्रकारको रूपमा उभ्याउन आफै पत्रिका प्रकाशन शुरु गरेकी उनका लेख, रचना बेलाबखत राष्ट्रियस्तरका पत्रिकामा पनि प्रकाशित हुन्छन् ।

शुरुशुरुमा पत्रकारिता निकै रोचक चुनौति र गहन जिम्मेवारी लागेकाले आजीवन पत्रकारिता गर्ने सोख थियो मीनाको । तर, अहिले पेशा नै परित्याग गर्नुपर्छझैं लाग्न थालिसकेको छ उनलाई । १२ वर्ष लामो द्वन्द्वकालमा अनेकौ मानसिक यातना भोगे पनि लोकतन्त्र बहालीपछि पत्रकारहरू पूर्ण सुरक्षित हुनेछन् भन्ने आशामा तुषारापात भएकाले उनमा यस्तो वितृष्णा पलाएको हो । द्वन्द्वकालमा आफ्नो पत्रिका धेरै समय बन्दसमेत गर्नुपऱ्यो उनले । लोकतन्त्र बहाली र प्रेस स्वतन्त्रताको आन्दोलनमा लागेका कारण तत्कालीन सरकारबाट धेरै मानसिक र शारीरिक यातना पाएको दुःखद् अनुभव पनि छ उनीसँग । नेकपा माओवादी र नेपाल सरकारबीचको शान्ति सम्झौतापछि पनि पत्रकारको अवस्थामा उस्तै भएकाले उनी झनै विरक्तिएकी छन् ।

मधेशी जनअधिकार फोरमले गरेको तराई आन्दोलनको मार र पत्रकारमाथिको ज्यादतीको विवरण सुनाउदै उनी भन्छिन "एकदमै असुरक्षित र भयावय वातावरणको सिर्जना भयो । खासगरी आवागमनमा निकै कठिनाइ झेल्नुपऱ्यो ।" यसबीच कामको सिलसिलामा विराटनगर पुग्दा कर्फ्यु र बन्दका कारण महिनौसम्म थुनिनु परेको छ उनले । आफ्नो पीडा सुनाउँदै मीना अगाडि भन्छिन्, "पत्रिकाका लागि स्रोत र समाचार जुटाउनै हम्मेहम्मे परेपछि पत्रिका नै बन्द गर्ने निर्णय लिएँ । त्यसमाथि महिला भएकाले झेल्नुपर्ने कठिनाइ र त्रास बेग्लै थियो ।" तराई आन्दोलनमा सरकारलगायत सबै पक्ष गैरजिम्मेवार बनेको उनको बुझाइ छ । सुनसरीमा भएको पत्रकारमाथिको ज्यादती उनको आँखाअगाडि अहिले पनि झलझली नाचीरहन्छ ।

मधेशी जनअधिकार फोरमले पत्रकारहरूलाई छानीछानी कुटेको घटना होस् वा इटहरीका रेष्टुराँ र लजमा बढेको विकृतिसम्बन्धी १६ चैत २०६३ मा स्थानीय एक पत्रिकामा छापिएको समाचारलाई मुद्दा बनाएर माओवादीले सुनसरीका नौं जना पत्रकारलाई ज्यान मार्ने धम्की दिएको घटना होस्, यसबाट सञ्चार क्षेत्रमा थप असुरक्षा बढेको महसुस उनी गर्छिन । महिला पत्रकारहरूलाई यस क्षेत्रमा अझ बढी कठिनाई रहेको उनको ठहर छ ।

मीनाका अनुसार द्वन्द्वका बेला सुरक्षाका लागि अपनाइने साधनहरूको अभाव त छँदैछ द्वन्द्व चर्काउनेहरूले महिलाप्रति गर्ने घृणित व्यवहार पनि कम छैन । "महिला पत्रकारहरू उनीहरूबाट मानसिक र शारीरिक बलात्कारको शिकार पनि भएको पाइन्छ," उनी भन्छिन्, "तर यस्तो घटना सार्वजनिक भएमा उल्टै महिलाहरूको सामाजिक अस्तित्वमा ठेस लाग्ने भएकाले हम्मेसी बाहिर आउँदैनन् ।" राज्यले दण्डहीनताको अन्त्य गरी पत्रकारको सुरक्षाको सम्बन्धमा तत्काल स्पष्ट कानुन बनाई कार्यान्वयनमा ल्याउनु जरुरी भएको उनी बताउँछिन् ।


नयाँ
राजमार्ग
PRES

**रञ्जिता : धादिङबाट**

रञ्जितासँग पाँच वर्ष लामो पत्रकारिताको अनुभव छ । द्वन्द्व चर्कंदै जाँदा पत्रकारितामा लागेकाले उनले थोरै समयमा पनि धेरै तीता-मीठा अनुभवहरू बटुलिसकेकी छिन । कठीन नेपाली सामाजिक-सांस्कृतिक अवस्थाका बाबजुद छापा र विद्युतीय दुवै सञ्चारमाध्यममा काम गर्दै आएकी उनलाई नेपालको द्वन्द्वको शान्तिपूर्ण अवतरणपछि पनि पत्रकारिता जगत भने स्वतन्त्र र निर्भिक बन्न सकेजस्तो लाग्दैन । उनी भन्छिन्, “मुलुकले शान्तिको आभाष पाए पनि नेपाली प्रेसले भने त्यसको प्रत्याभूति गर्न सकेको छैन ।”

उनका अनुसार समाचार संकलन गरेको/नगरेको र आफ्नो पक्षमा नगरेको जस्तो अभियोगमा धम्क्याउने, कुटपिट गर्ने, मानसिक यातना दिने, दुर्व्यवहार गर्ने, विस्थापित हुन बाध्य पार्ने र ज्यान नै मार्नेसम्मको धम्की दिने क्रियाकलापबाट नेपाली पत्रकारहरू अझै प्रताडित छन् । उनी स्वयम् पनि यस्ता धेरै दुर्व्यवहारहरूको शिकार बनिसकेकी छिन् ।

जिल्ला विकास समितिले सदरमुकामको बजार इलाकामा गरेको बाटोको कालोपत्र निर्माणको एक महिनामै उप्कियो । यसबाट असन्तुष्ट उपभोक्ताहरू ‘तपाईको कार्यको उपहार’ भन्दै उप्किएको कालोपत्रे टुक्राहरू लिएर स्थानीय विकास अधिकारीलाई भेट्न जिविस पुगेका थिए । त्यस घटनाको समाचार संकलन गर्न समाचार प्रसारण/प्रकाशन गरेको प्रतिशोधस्वरूप स्थानीय विकास अधिकारीले उल्टै उनीमाथि ‘जनतालाई उक्साएर बाटो भत्काएको’ आरोपमा सार्वजनिक अपराधको मुद्दा दर्ता गराए । त्यसपछि मानवअधिकारकर्मी, नागरिक समाज, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधिसमेतले चौतर्फी आवाज उठाएपछि मात्र जिविसले उक्त मुद्दा फिर्ता लियो ।

रञ्जितालाई पटकपटक अनेकखाले दुर्व्यवहारहरू पर्ने गर्छन । त्यसैले आफैमाथि परेको १२ चैत २०६३ को अर्को घटना पनि अनौठो लागेन उनलाई । त्यसबेला आफ्नाविरुद्ध समाचार सम्प्रेषण गरेको आरोपमा माओवादीले उनलाई गालीगलौज गर्नुका साथै धम्की र मानसिक यातना दिएका थिए । उनले एक सञ्चार माध्यमका लागि नेकपा माओवादीका कार्यकर्ताले धादिङ बजार क्षेत्रमा दैनिक गस्ती शुरु गरेको समाचार सम्प्रेषण गरेकी थिइन् । माओवादीले सो समचारबाट आफ्नो चरित्रहत्या भएको भन्दै उनलाई धम्क्याउने र मानसिक यातना दिने काम गरेका थिए । लगत्तै चैतको दोस्रो सातामा सम्प्रेषित एक अस्पतालको सेवासम्बन्धी समाचारमा पनि अस्पतालको बेइज्जत गरेको भन्दै अस्पताल सूत्रले उनलाई अनेकखाले मानसिक यातना दिने, धम्क्याउने मात्र गरेन, व्यवसायिक रूपमै असक्षम भएको गैरजिम्मेवार आरोप लगाउने काम गर्‍यो ।

रञ्जिताको भनाईमा आज पनि राज्य र गैरराज्य पक्षबाट पत्रकारहरूलाई सताउने र दुर्व्यहार निरन्तरता हुनु दुख लाग्दो कुरा हो । उनी भन्छिन्, “नेपाली पत्रकारिताले अहिले पनि पूर्णस्वतन्त्रता पर्खिरहनुपर्ने अवस्था रहनु एक्काईसौं शताव्दिकै मजाक होइन र ?”




**विकास : काभ्रेबाट**

२०४९ सालदेखि पत्रकारितामा सक्रिय विकास काभ्रेका सक्रिय पत्रकार हुन् । पत्रकारिताको अभ्यासका क्रममा थुप्रै समस्याहरू झेलेका उनको पीडा पनि कम दर्दनाक छैन् । विकास भन्छन्, “स्वतन्त्र प्रेसलाई सम्मान गर्ने प्रवृत्तिको विकास नभएसम्म पत्रकारिताका अप्ठ्याराहरू कम हुँदैनन् ।”

विकास द्वन्द्वको शान्तिपूर्ण निकासपछि पनि पत्रकारहरू माथिको दुर्व्यबहार उस्तै रहेकोमा चिन्तित छन् । साथै आफू पनि यस्ता दुर्व्यवहारहरूको शिकार बनिरहन बाध्य छन् । पत्रकार विकासले पछिल्लोपटक ०६३ मङ्सिरमा समाचारकै कारण माओवादी पक्षबाट अपमान र दुर्व्यवहार सहनुपर्‍यो । काभ्रे दोलालघाट-१ का एक तामाङ्ग थरका व्यक्तिले आफ्नी ३२ वर्षीय श्रीमती मारेको भनी माओवादीले पक्रेर प्रहरीको जिम्मा लगाएको समाचार प्रचारमा आयो । पछि उनलाई माओवादीले नै काभ्रे तीनपिप्लेस्थित एक घरमा बन्धक बनाई जीउँदै राखेको थाहा पाएर समाचार संकलनका लागि त्यहाँ पुगेका पत्रकार विकासलाई माओवादीका काभ्रे जनसरकारका एक उप-प्रमुखले दुर्व्यवहार गरे । उनले



'त कस्ले बोलाएर आइस ?' भन्दै अपमान गरी घर भित्रबाट गलहत्याएर उनलाई बाहिर निकालेका थिए । दुर्व्यवहारको यो घटनापछि यथार्थ जानकारी प्रहरीलाई गराई सोही बेलुका श्रीमतीलाई माओवादी कब्जाबाट मुक्त गरी आवश्यक स्वास्थ्य परीक्षणपछि परिवारको जिम्मा लगाइएको थियो । घटना सार्वजनिक भएको भोलिपल्ट मानवअधिकारवादी संस्थाहरू इन्सेक, हुरेक र नेपाल पत्रकार महासंघले विज्ञप्तीमार्फत् पत्रकारमाथिको दुर्व्यवहारको निन्दा गर्दै दोषीमाथि कारवाहीको माग गरे । सोही दिन काभ्रेको बालुवामा भएको सार्वजनिक समारोहमा उक्त घटनाले पार्टी पंक्ति दुखित भएको भन्दै माओवादी एक नेताले यस्ता घटनाहरू फेरि हुन नदिने प्रतिबद्धता समेत व्यक्त गरे । तर, सरकारी स्तरबाट भने घटनाका सम्बन्धमा कुनै चासो देखाइएन ।

मुलुकले युद्धबाट शान्तिको बाटो लिँदै गर्दा पनि नागरिक सुरक्षाको प्रत्याभूति हुन नसकेकोमा पत्रकार विकास चिन्तित छन् । "प्रेस जगतको समस्याप्रति सरकार उदासीन छ," उनी आक्रोश पोख्छन् । पत्रकारितामा डेढ दशक बिताइसकेका उनले यस क्रममा भोगेको दुर्व्यवहार, मानसिक यातना, धम्की र अपमानका शृङ्खलाहरूबाट पनि नेपाली पत्रकारिताको अवस्था नाजुक रहेको र पत्रकारहरू भय, तनाव, यातनामुक्त तथा स्वतन्त्र र सुरक्षित नरहेको स्पष्ट सङ्केत पाइन्छ ।

**भौगोलिक विकटता, यातायातको असुविधा र सञ्चारको अभाव यहाँको प्रमुख समस्या हो । त्यसभन्दा ठूलो समस्या स्रोतबाट समाचार लिनुमा छ । उनी भन्छिन्, "यहाँका मानिसहरुमा पत्रकारलाई कुनै सूचना पनि दिनु हुँदैन भन्ने धारणा छ ।" आफूले सम्प्रेषण गरेका प्रायः सबै समाचारहरुका बारेमा स्पष्टीकरण दिँदै हिँड्नु पर्ने अवस्था त जुम्लाको चलन नै बनेको छ । "सुरक्षाकर्मी, माओवादी, स्थानीय जनता हुन् अन्य निकाय, समाचारको स्पष्टीकरण खोज्छन," उनी थप्छिन, "समाचारका बारेमा वादविवाद नै गर्नुपर्छ ।"**

## सुनीताः जुम्लाबाट

सुनिता जुम्लाकी महिला पत्रकार हुन । यस क्षेत्रका जनतालाई सञ्चार नयाँ लाग्न सक्छ । केही वर्षअघिसम्म पत्रकार र पत्रकारिता थाहा नपाएका जुम्लाका बासिन्दाहरू आज उनको स्वर रेडियोमा सुन्दा र उनीसँग प्रत्यक्ष साक्षात्कार गर्दा दङ्ग पर्छन । "हिजो पोथी बासेको भन्नेहरू आज खुलेर सहयोग गर्न थालेका छन्," आफ्नो अनुभव सुनाउँछिन् उनी ।

भौगोलिक विकटता, यातायातको असुविधा र सञ्चारको अभाव यहाँको प्रमुख समस्या हो । त्यसभन्दा ठूलो समस्या स्रोतबाट समाचार लिनुमा छ । उनी भन्छिन्, "यहाँका मानिसहरूमा पत्रकारलाई कुनै सूचना पनि दिनु हुँदैन भन्ने धारणा छ ।" आफूले सम्प्रेषण गरेका प्रायः सबै समाचारहरूका बारेमा स्पष्टीकरण दिँदै हिँड्नु पर्ने अवस्था त जुम्लाको चलन नै बनेको छ । "सुरक्षाकर्मी, माओवादी, स्थानीय जनता हुन् अन्य निकाय, समाचारको स्पष्टीकरण खोज्छन," उनी थप्छिन, "समाचारका बारेमा वादविवाद नै गर्नुपर्छ ।"

०६३ पुस १२ गते रेडियो कार्यक्रम संचालनका क्रममा प्रयोग गरिएको 'मेरो प्रेमी' र 'मेरी प्रेमिका' भन्ने शब्दलाई लिएर केटाको परिवारबाट झगडा नै गर्न आएको अनुभव छ उनीसँग । "मुद्दा हाल्नेसम्मको धम्की दिए तर आफूले ठेगाना र थर उल्लेख नगरी नाममात्र भनेकाले उम्किन त्यती गाह्रो भएन," आफ्नो अनुभव साट्दै उनले अगाडि भनिन्, "अर्कोतर्फ कोही आफ्नो नाम उल्लेख नगरिदिएको र आफ्नो समाचार नबनाएको भन्दै झगडा गर्न आउने पनि हुन्छन् ।" उनका अनुसार एक्लै साता दिनसम्म पैदल हिँडेर समाचार संकलन गर्नुको दुःख, सुरक्षा तथा आर्थिक अभाव शव्दहरूमा व्याख्या गर्न सकिँदैन । सञ्चारको अभावमा सम्प्रेषणको समस्या उस्तै छ । त्यसमाथि यसरी संकलन गरिएका कति समाचार त प्रसारण/प्रकाशन नै हुँदैनन् । उनको बुझाइमा द्वन्द्वकाल र द्वन्द्वपछिको रिपोर्टिङ्मा खासै फरक आएको छैन । "अहिले चाहिँ अलिक बढी सुरक्षित भएको महसुससम्म भएको छ" सुनीता भन्छिन् ।

# शान्तिकालीन अवस्थामा भएको प्रेस स्वतन्त्रता उलङ्घनको विश्लेषण

नेपाल सरकार नेकपा माओवादीबीचको बृहत् शान्ति सम्झौतापछि माओवादी सहितको अन्तरिम सरकार बनेको छ । सञ्चार मन्त्रालय जस्तो संवेदनशील निकाय नेकपा माओवादीको जिम्मामा छ । नेपालको शान्ति प्रक्रियाको गति निकै तीव्र भइरहेको छ । शान्ति प्रक्रिया अगाडि बढ्नेक्रमसँगै प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षामा थोरै भए पनि सुधार आएको छ ।


नेपालका पत्रकारहरूमाथि कार्यक्षेत्रमा भएका घटना विश्लेषण र तथ्याङ्कले पनि पत्रकारमाथि अपहरण, पक्राऊ, धम्की, भौतिक आक्रमण र व्यवसायिक कर्तव्य पालन गर्ने कार्यमा अवरोध अझै पनि कायम रहेको देखाउँछ । धेरै व्यवसायिक सञ्चारकर्मीहरू उनीहरूको परिवारबाट विस्थापित भएका छन । सञ्चारगृहहरू तोडफोड गरिएको छ । स्वतन्त्र सञ्चार क्षेत्रमाथि आक्रमणका दोषी  राज्य र गैरराज्य पक्ष नै छन् । यद्यपि माओवादीबाट धम्की र मधेशी जनअधिकार फोरमबाट आक्रमण घटना तुलनात्मकरूपमा निकै बढी रहेका छन् ।

**नोभेम्बर २००६ देखि १५ अप्रिल २००७ सम्म सञ्चार क्षेत्रमा भएका घटनाको विवरण**

| क्रं सं. | घटनाको प्रकृति | नोभेम्बर २००६ | डिसेम्बर | जनवरी २००७ | फेब्रुअरी | मार्च | अप्रिल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ज्यान गएको | – | – | – | – | – | – | – |
| २ | मृत्यु | – | – | – | – | – | – | – |
| ३ | बेपत्ता | – | – | – | – | – | – | – |
| ४ | पक्राऊ | – | – | ४ | – | – | – | ४ |
| ५ | अपहरण | – | – | १ | – | – | – | १ |
| ६ | आक्रमण | ३ | ७ | २७ | १३ | १३ | ४ | ६७ |
| ७ | धम्की र मानसिक यातना | ३ | ३ | २५ | ४ | १२ | १ | ४८ |
| ८ | रोकावट तथा अवरोध | २ | ३ | २ | १ | ४ | – | १२ |
| ९ | कानूनी दबाब | – | – | – | – | १ | – | १ |
| १० | नोकरीबाट बञ्चित | १ | – | १९ | – | – | – | २० |
| ११ | सञ्चारकगृह बन्द | – | – | २६ | २७ | १ | १ | ५५ |
| १२ | सवारी साधनमा क्षति | – | – | १२ | – | – | – | १२ |
| | जम्मा | ९ | १३ | ११६ | ४५ | ३१ | ६ | २२० |

तथ्याङ्क स्रोत : नेपाल पत्रकार महासंघ, कान्तिपुर राष्ट्रिय दैनिक, द काठमाडौं पोष्ट,  राजधानी राष्ट्रिय दैनिक, अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक र गोरखापत्र राष्ट्रिय दैनिकमा उल्लेख भएका सञ्चार क्षेत्रका घटना तथा जिल्लाबाट अनुसन्धान गरिएको सूचना र वेभसाइटमा प्राप्त प्रेस स्वतन्त्रतासम्बन्धी तथ्याङ्कहरु

## नेपाल सरकार र नेकपा माओवादीबीच भएको बृहत् शान्ति सम्झौतापछि सञ्चार क्षेत्रमा भएका घटनाहरू




# भौगोलिक अवस्थाका आधारमा विश्लेषण

केही समयअघिको तराई आन्दोलन कारण सञ्चार क्षेत्रमा सुरक्षाको खतरा बढेको कुरामा दुविधा छैन । तर, अन्य क्षेत्रमा बढ्दो दमन र धम्कीका घटनाहरूमा सुधार आउन नसकेको प्रतिवेदन देखिएको छ । यस्ता प्रकृतिका घटना हुनुले आगामी दिनमा सम्पन्न हुन गइरहेको संविधानसभाको निर्वाचन र नयाँ नेपाल निमार्णको रूप खडा गर्नका लागि लोकतान्त्रिक प्रणालीमा भाग लिन जनताहरूलाई सुसूचित गर्नका लागि सूचना प्रवाह गर्ने सवालमा गम्भीर चासो उब्जिएको छ ।

## हिमाली भेग :

प्रेस स्वतन्त्रतासम्बन्धी समस्याहरूका बाबजुद पनि पत्रकारिताका लागि अन्य क्षेत्रहरूको तुलनामा हिमाली क्षेत्र केही सुरक्षित देखिन्छ । यद्यपि हुम्ला, जुम्ला, मुगु, मुस्ताङ, मनाङलगायतका हिमाली जिल्लाका पत्रकारहरू एक दशक लामो द्वन्द्वका क्रममा अनेकौको यातना भोग्न र विस्थापनको अवस्थासम्म पनि पुग्ने अवस्था सिर्जना नभएको होइन । तर, वर्तमान शान्ति सम्झौतापछि यस क्षेत्रमा अन्य क्षेत्रभन्दा केही कम घटनाहरू पाइएको छ । हिमाली क्षेत्रमा शान्ति सम्झौतापछि  पनि विशेष गरी नेकपा माओवादीका कार्यकर्ताबाट पत्रकारहरूमा धम्की तथा मानसिक यातनाको क्रम रोकिएको छैन । विशेष गरेर समाचारको स्रोत उल्लेख गर्न र आफ्नो पक्षमा

माओ : नेपाल कम्युनिष्ट पार्टी माओवादी
नेस : नेपाल सरकार
मजफो : मधेसी जनअधिकार फोरम
मोर्चा : तराई जनतान्त्रिक मुक्ति मोर्चा
अस : अपरिचित समूह
नासस : नागरिक समाज संगठन
नेडिआ : नेपाल डिफेन्स आर्मी
मटाने : मधेसी टाइगर नेपाल
राद : राजनीतिक दल

समाचार छाप्नका लागि दबाब दिने, प्रकाशित समाचारको विषयलाई लिएर महिला पत्रकारमाथि अभद्र व्यवहार गर्नेजस्ता घटनाहरू भएको पाइन्छ। सूचनाको सहज पँहुच नभएकाले घटनाहरूलाई सहजरूपमा सार्वजनिक गर्न र सूचना प्रवाह गर्न पनि पत्रकारहरूलाई निकै कठिनाई छ।

हिमाली भेगबाट द्वन्द्वकालमा बेरोजगार भएका पत्रकारहरूको पुनःरोजगार र बन्द भएको सञ्चार गृह सञ्चालनका लागि ठोस कदम चाल्न जरुरी रहेको छ। यस भेगको जोखिमपूर्ण रिपोटिङको लागि पत्रकारहरूका लागि सुरक्षा तालिम, जिवन बिमा, सुरक्षा सामग्रीको व्यवस्था गर्न जरुरी छ। अर्कोतर्फ यस क्षेत्रमा सञ्चार पँहुचको विस्तार गर्न सरकार र तथा निजि क्षेत्रबाट भौतिक पुर्वाधार, सञ्चार उपकरण, पत्रकारहरूको क्षमता विकासका कार्यक्रम र सञ्चार सचेतना कार्यक्रम पनि लैजानु जरुरी छ।

## पहाडी भेग :

बृहत् शान्ति सम्झौतापछि डर, त्रास, भय, धम्की, यातनालगायतका घटना पूर्ण रूपमा हटिसकेको नभएपनि द्वन्द्वको बेलामा भन्दा पहाडी भेगको पत्रकारितामा सुरक्षाको सवाल निकै सवल भएको मान्न सकिन्छ। बृहत् शान्ति सम्झौतापछि पूर्वी नेपालको इलाम, पाँचथर, ताप्लेजुङ्, तेह्रथुम, धनकुटालगायतका केही जिल्लाहरूमा किराँत स्वयक्त गणराज्यको माग राखी आदिवासी जनजातिका केही समूहहरूका गतिविधिका कारण स्वतन्त्र प्रेसमाथि केही असजिलो सिर्जना भएको छ। शान्ति सम्झौतापछि पनि पहाडी जिल्लामा नेकपा माओवादीका कार्यकर्ताहरूले स्वतन्त्र प्रेसमाथि केही आक्रमणहरू गरेको घटना छन्। पहाडी क्षेत्रको घटनाक्रम हेर्दा नेकपा माओवादीका तर्फबाट नोभेम्बर २५ मा ताप्लेजुङमा पत्रकारमाथि कुटपिट, नोभेम्बर २९ मा काभ्रेका पत्रकारमाथि दुर्व्यवहार, मार्च ३१, २००७ मा बाजुराका पत्रकारहरूलाई मार्ने धम्की र मार्च महिनामा सुदूरपश्चिमका पहाडी जिल्लामा माओवादीका कार्यकर्ताद्वारा पत्रकारलाई धम्की दिने कार्य निकै बढेको पाइन्छ।

पहाडी क्षेत्रमा स्वतन्त्र सञ्चारमाथि आक्रमण गर्ने कार्यमा अन्य निकाय पनि उत्तिकै सक्रिय भएको देखिन्छ। राज्यका निकायहरू बन अधिकृत, गाविस सचिव, सुरक्षा निकाय, जिल्ला विकास समिति, नगरपालिका अधिकृतबाट पत्रकारमाथि भएका दुर्व्यवहार तथा धम्कीका यस्ता घटनाहरूका कारण पत्रकारहरूले आफ्नो व्यवसायिक कार्य गर्नमा कठिनाई भएको छ। यसैगरी पहिचान हुन नसकेको समूहहरूद्वारा इलाम जिल्लामा कार्यरत एक महिला पत्रकारले समाचारको विषयलाई लिएर मार्ने धम्की तथा अभद्र गालीगलोजको सामना गर्नुपरेको छ। यस्तै अर्को घटना डोटीमा पनि भएको।
पाइएको छ। मार्च महिनाको अन्त्यतिरको घटना विवरणअनुसार एउटा मन्दिरमा दलित प्रवेशको विषयमा समाचार छापेबापत डोटीका एक पत्रकारलाई आफुलाई गणतन्त्रवादी बताउने पहिचानहीन राजनीतिक समूहले बारम्बार धम्की दिँदै आएका छन्। बाहिर आउन नसकेका यस्ता थुप्रै घटनाहरू अहिले पनि कायम नै छन्।

यी घटनालाई हेर्दा पहाडी क्षेत्रमा सरकारी निकाय, माओवादी तथा अन्य समुदायबाट भएका, हुने गरेका ज्यादती, धम्की, आक्रमण, कुटपिट, लुटपाट, मानसिक यातनालगायतका दुर्व्यवहारहरूको क्रममा खासै कटौती आएको छैन। अहिले पनि प्रकाशन तथा प्रसारण भएको समाचारका विषयमा राजनीतिक

दलका कार्यकर्तादेखि विभिन्न वर्ग र समूहहरूलाई स्पष्टीकरण दिनुपर्ने त पत्रकारहरूको बाध्यता नै बनेको पाइन्छ। साथै उनीहरूको पक्षबाट समाचार लेख्न दबाब दिने कार्य पनि कायम नै रहेको छ। पहाडी भेगमा सञ्चार क्षेत्रमाथि भएको दमनका केही घटनाका दोषीका बारेमा जिम्मेवार सम्बन्धित निकायलाई जानकारी गराए पनि दोषीमाथि कारवाही भएको वा अन्य दण्ड-जरीवाना गरेको पाइएन भने कति घटनाका बारेमा सम्बन्धित निकायको गैरजिम्मेवारीपनका कारण घटनाको दोषी नै पत्ता लागाउन कठीन हुने गरेको पनि पाइन्छ। सुरक्षाका लागि सुरक्षा निकायलाई जानकारी गराएको भए पनि दोषी पत्ता लगाउने र कारवाही प्रक्रिया अघि बढेको पाइँदैन ।

## तराई भेग :

तराई क्षेत्रमा स्वतन्त्र प्रेसमाथिको आक्रमण निकै तीव्र भएको छ। तराई क्षेत्रमा आन्दोलनको नेतृत्व मधेसी जनाधिकार फोरम लिएको भए पनि आन्दोलन उसको नियन्त्रणभन्दा बाहिर गएको थियो। शान्ति सम्झौतापछि छ महिनाको अवधिमा तराई अत्यन्त अशान्त बन्यो । विभिन्न माग राखी रक्तपातविहीन आन्दोलन भनी घोषणा गरेको भए पनि त्यसको विपरीत बन्न पुगी कयौंको ज्यान गयो, लाखौंको धनजनको क्षति भयो ।

तराईमा जनतान्त्रिक तराई मुक्तिमोर्चा र मधेशी जनअधिकार फोरमलगायत विभिन्न आन्दोलनकारी समूहहरू मुख्य दोषीका रूपमा रहेका छन। यसैगरी नेपाल डिफेन्स आर्मी, मधेशी टाइगर नेपाल, कोब्रालगायतका पहिचानहीन  समूहबाट पनि पत्रकारहरू सताइएका छन् । मधेशी जनआधिकार फोरमका प्रतिनिधि तथा उनीहरूका समर्थकहरूले पत्रकारहरूलाइ दुर्व्यवहार, धम्की, भौतिक आक्रमण र अपहरणसमेत गरेका थिए । उनीहरूले सञ्चारगृह तोडफोड तथा उनीहरूका सम्पत्तिहरू लुटपाट पनि गरेका थिए । २८ जनवरी २००७ मा मधेशी जनअधिकार फोरमका प्रतिनिधिहरूले वीरगञ्जमा कार्यरत एक दर्जनभन्दा बढी पत्रकारहरूलाई ज्यान लिने धम्की दिई सुरक्षाका लागि हेटौंडातर्फ जान बाध्य बनाएका थिए । यसैगरी उत्तेजित मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूले गत ४ फेब्रुअरीमा विराटनगरको टङ्किसिनवरी क्षेत्रमा पाँच जना पत्रकारहरूलाई छानीछानी अपमानवीय तरिकाले कुटपीट गरेका थिए । उनीहरूले आन्दोलनका क्रममा पत्रकारहरूका सञ्चार सामाग्रीहरू लुटने, सञ्चारगृह तोडफोड गर्ने तथा पत्रकारहरूको काममा व्यवधान सिर्जना गरेका थिए । आन्दोलनलाई नियन्त्रणमा लिन सुरक्षाकर्मीले प्रयोग गरेका अश्रुग्यास सेल तथा लाठी चार्जबाट पनि पत्रकारहरू उत्तिकै पीडित हुनुपरेको थियो । तर, दुर्भाग्य भनौ यस्ता सबै घटनाहरूका अभिलेख राख्न तथा जानकारी गराउन कठीन भएको छ ।

तराई क्षेत्रमा कार्यरत पत्रकारहरूका अनुसार उनीहरूको पटकपटकको अनुरोधका बाबजुद पनि सरकारले पर्याप्त सुरक्षाको प्रत्याभूति प्रदान गर्न सकेको छैन । यसले गर्दा धेरै पत्रकारहरूलाई विस्थापित हुन तथा निरन्तर मानसिक दबाबमा रहेर काम गर्न वाध्य पारेको छ । माओवादी द्वन्द्व तथा तराई आन्दोलनका क्रममा बन्द भएका सञ्चारगृहहरू अझै खुल्न सकेका छैनन । सरकारले दोषीलाई कारवाही गर्न तथा तोडफोड गरिएका सम्पत्तिहरूको क्षतिपूर्ति दिन कुनै पहल गरेको छैन । अझै पनि तराईका निश्चित भागहरूमा पत्रकारहरूलाई सरकारले सुरक्षा प्रदान गर्न सकेको छैन । यसले गर्दा तराई क्षेत्रमा कार्यरत पत्रकारहरूको सुरक्षाको विषयलाई थप चुनौतीपूर्ण बनाएको छ ।

## तराई आन्दोलनका क्रममा सञ्चारमाथि भएको आक्रमणको विवरण

| क्रं सं. | घटना | घटना संख्या |
|---|---|---|
| १ | सञ्चारकर्मीमाथि आक्रमण | १९ |
| २ | सञ्चारगृह तथा महासंघ कार्यालयमाथि आक्रमण | ५ |
| ३ | गम्भीर धम्की तथा दुर्व्यवहार | २३ |
| ४ | कार्यक्षेत्रबाट विस्थापन | १९ |
| ५ | प्रकाशन बन्द | ५३ |
| ६ | सवारी साधन तोडफोड | १२ |
| ७ | पत्रपत्रिका वितरणमा अवरोध | २ |
| ८ | सञ्चारगृह बन्द गर्न धम्की | १ |
| | जम्मा घटना संख्या | १३४ |

स्रोतः– नेपाल पत्रकार महासंघ

# नेपाली महिला पत्रकारको सवाल

पत्रकारिता क्षेत्रमा महिलाको सहभागिता एकदम न्यून रहेको तीतो यथार्थ छ । नेपालमा महिला पत्रकारको सङ्ख्या विस २०४६ सालभन्दा पहिला औंलामा गन्न सकिने थियो । पत्रकारितामा महिला पत्रकारहरूको व्यवसायिक आगमन त्यसपछि मात्र भएको हो । तथापि आज १७ वर्ष पुग्दा पनि पत्रकारितामा महिलाको सहभागिता उल्लेख्य रूपमा बढ्न सकेको छैन । नेपाल पत्रकार महासंघको सदस्यता पाउने करीब चार सय महिला पत्रकार छन् । नेपालको अन्तरिम संविधानले राज्यको हरेक निकायमा ३३ प्रतिशत महिला सहभातिगा गराउने प्रतिबद्धता जाहेर गरेको छ । यद्यपि सरकारले यो

**नेपालको सामाजिक सांस्कृतिक मनोवृत्तिका कारण महिलामात्र होइन, महिला पत्रकारहरु पनि खुलेर आफ्ना कुरा गर्ने आट गर्दैनन । द्वन्द्वका बेला यौन दुर्व्यवहार र बलात्कारका केही घटना मात्र सार्वजनिक भएका छन् तर यस्ता घटनाहरु धेरै भएको जानकारहरु बताउँछन ।**

निर्णयलाई  कसरी कार्यान्वयन गर्छ र यसको सरकारी सञ्चार क्षेत्रमा कस्तो प्रभाव रहन्छ, त्यो भने हेर्न बाँकी नै छ । सञ्चार क्षेत्रमा महिलाको सहभागिता केही हदसम्म वृद्धि हुने क्रम रहेको भएता पनि यो सङ्ख्या तुलानात्मक रूपमा अझै न्यून छ । पत्रकारितामा महिलाको आकर्षण

नभएको पक्कै होइन । तर, केही सामाजिक सांस्कृतिक पक्षलगायत सुरक्षित काम गर्ने वातावरणको अभाव यसपछाडिका कारक तत्वका रूपमा देखिन्छन । देशको जनसङ्ख्याको ५० प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने महिलाहरूलाई पत्रकारितातर्फ उत्साहित गरिनुपर्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने अधिकांश महिला निरक्षर रहेकाले उनीहरूका समस्याहरू तथा भावानात्मक कुराहरू पनि महिला पत्रकारहरूले नै बढी जानकारी लिन र दिन सक्ने हुन्छ ।

नेपालको सामाजिक सांस्कृतिक मनोवृत्तिका कारण महिलामात्र होइन, महिला पत्रकारहरू पनि खुलेर आफ्ना कुरा गर्ने आट गर्दैनन । द्वन्द्वका बेला यौन दुर्व्यवहार र बलात्कारका केही घटना मात्र सार्वजनिक भएका छन् तर यस्ता घटनाहरू धेरै भएको जानकारहरू बताउँछन । धरानमा क्रियाशील एक पत्रकार भन्छिन्, “पुरुष पत्रकारहरू धेरै स्थानमा काम गर्छन तर महिलालाई त्यो सम्भव छैन । त्यसकारण आफ्नो पेशालाई जोगाई राख्न कति साथीहरूले आफ्नो नैतिकता पनि बेच्नु परेको छ । केही रकम लिएर उनीहरूको समाचार छाप्न हामी बाध्य छौ । त्यसमाथि खुलेर लेख्न पनि पाइन्न । अनेकौं समस्यामा फस्ने डर हुन्छ । आफ्नो सुरक्षा नै खतरामा पर्छ ।”

## दण्ड सजायबाट छुट

अधिकांश घटनाहरूमा सरकारी निकायले नै प्रेस स्वतन्त्रतामाथि आक्रमण गर्ने, दोषीहरूमाथि कारवाही गर्न असक्षम रहने कारणले धेरै सञ्चारकर्मीहरू नेपालमा दण्डहीनताको संस्कार बढ्दै गएको अर्थात् दण्डहीन संस्कृतिको विकास हुँदै गएको महशुस गर्छन । त्यस्ता घटनाहरूको समाचार सार्वजनिक गर्न नसक्दा घटनाहरू लुक्ने सम्भावना पनि उत्तिकै छ ।

कार्यक्षेत्रमा क्रियाशील पत्रकारहरू उनीहरूलाई सुरक्षाको प्रत्याभूति गराउने दायित्व बोकेका सरकारी सुरक्षाकर्मीहरू नै पत्रकारहरूमाथिका आक्रमणमा संलग्न रहेको आरोप लगाउँछन । सुरक्षा दिने निकायबाट नै धम्की दिने गरिएका घटनाहरू पनि भेटिएका छन् । गत नोभेम्बरमा धादिङमा नेपाली सेनाका एक अधिकृतले सार्वजनिक स्थानमा उनको फोटो लिएको भनी पत्रकारको क्यामरा जफत गरेका छन् । धादिङमै जिल्लामा जिल्ला विकास समितिले पत्रकारमाथि सार्वजनिक मुद्दा लगाएको छ । इलाममा गाविस सचिवले समाचार सच्याउन धम्की दिएका छन भने बन अधिकृतले समाचारको विषयलाई लिएर धम्की दिएको छन् । मार्च २६ मा सुनसरीमामा नेकपा माओवादीको युवा कम्युनिष्ट लिगका

कार्यकर्ताले त्यहाँ क्रियाशील एक दर्जनभन्दा बढी पत्रकारहरूलाई मार्ने धम्की दिएका छन् । त्यसैगरी युवा कम्युनिष्ट लिगका ३० जना कार्यकर्ता आएर द हिमालय टाइम्स र अन्नपूर्ण पोष्ट को कार्यालयमा तालाबन्दी गरेको घटना पनि भएको छ । यस्ता गैरजिम्वेवारपूर्ण कार्यहरू माओवादी कार्यकर्ताहरूले जारी राखेका छन ।

यी घटनाहरू सञ्चारका सदस्यहरूबाट उल्लेख पत्रकारमाथि हुने गरेका हस्तक्षेपका केही उदाहरण मात्र हुन । समग्रमा गल्ती स्वीकार्ने प्रवृत्तिको अभाव, दुर्व्यवहार तथा जिम्मेवारी वहन नगर्ने परिपाटी र घटनाहरूको छानबिन तथा कानुनी कारवाहीको अभावले पत्रकारहरू आफूमाथि न्याय भएको अनुभवसमेत गर्न सकिरहेका छैनन् ।

## नेपालमा प्रेस स्वतन्त्रता लागि भएका केही संवैधानिक व्यवस्था

**कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन**

नेपाली सञ्चार क्षेत्र कानुनी राज्यको स्थापना र प्रेस स्वतन्त्रताको ग्यारेण्टीका लागि लामो समयसम्म आन्दोलित रह्यो । गत साल सम्पन्न जनआन्दोलनको सफलतापछि गठित अन्तरिम सरकार प्रेस स्वतन्त्रताको पक्षमा केही उदार पनि देखिएको छ । त्यसैगरी कानुनी रूपमा नेपालको अन्तरिम संविधान २०६३ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सन्दर्भमा विगतका संविधानका तुलनामा केही हदसम्म प्रगतिशील रहे पनि अझै धेरै विषयहरू सम्बोधन हुन बाँकी नै छ ।

**संविधानको धारा १५ को चार वटा उपधारामा प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हकअन्तर्गत यस्तो व्यवस्था गरिएको छ :**

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन

वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन

(३) कुनै समाचार लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्य सामग्री मुद्रण वा प्रकाशन गरेबापत कुनै समाचारपत्र, पत्रिका, वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।

(४) कानुन बमोजिमबाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिने छैन ।

अन्तरिम संविधानको धारा २७ मा सूचनाको हकअन्तर्गत 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुने छ । तर, कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन' भन्ने व्यवस्था गरिएको छ । तर, संविधानमा उल्लिखित यी व्यवस्थालाई व्याख्या वा कार्यान्वयन गर्नका लागि आवश्यक ऐन नियमको व्यवस्था भने अझसम्म भएको छैन । पहिले नै बनाइएका धेरै सञ्चारसम्बन्धी विद्यमान कानुनहरू सान्दर्भिक तथा अन्तरिम संविधानमा उल्लेख भएको व्यवस्था अनुरूप छैनन् ।

अन्तरिम संविधानमा भएका प्रेसका व्यवस्था पनि पूर्ण छैनन् । संविधानमा प्रेस स्वतन्त्रतासम्बन्धी धेरै कुरा आपसमा बाझिएका छन । सूचनाको हकलगायतमा ऐन बमोजिम भनेर छोडिएको छ, ऐनमा ल्याउन मिल्ने र नमिल्ने कुराको स्पष्ट व्यवस्था छैन । प्रेस स्वतन्त्रता अलघङ्नका दोषीमाथि कस्तो कानुनी कारवाही गर्ने र कस्तो कानुनी उपचार पाउने भन्ने कुरामा पनि स्पष्ट व्यवस्था हुनसकेको छैन ।

# निष्कर्ष र सुझावहरू

- नेपाली समाजको अभिन्न अङ्गको रूपमा सञ्चार क्षेत्रले पहिचान पाइसकेको छ । नयाँ राजनीतिक परिवर्तनसँगै संविधानसभाको दिशातर्फ मुलुक अग्रसर भइरहेको छ र दिगो शान्ति स्थापना हुने कुरामा सबैलाई आशा जगाएको छ । सामान्यतया मानिसहरू उत्साही छन् । यद्धपी धेरै मानिसहरू काठमाडौं बाहिरको वास्तविक अवस्थाका बारेमा जानकार छैन्न भन्ने विषयमा विचार गर्नु पनि जरुरी छ ।

- शान्ति सम्झौताको एक महिनालगत्तैबाट शुरु भएको तराई आन्दोलनका क्रममा पत्रकारहरू अति असुरक्षित भएको देखिन्छ । कुटपिट, धम्की, अपहरण, विस्थापन, जीवनहरणको धम्की, यातना, मानसिक यातना, लुटपाट, अवरोध लगायतका घटनाहरू यसबीच प्रशस्त भएका छन् । नेपालमा दण्डहीनताको अवस्था र तरल राजनीतिक घटनाक्रमका कारण पहिचान नभएका र गैरकानुनी समूहहरूले पनि सञ्चार क्षेत्रलाई निशाना बनाउने गरिएको छ । प्रेसमाथिको ज्यादतीका घटनाको रूप ठूलो देखिनुले पनि नेपाली पत्रकारिता अझै भयमुक्त र स्वतन्त्र बन्न नसकेको स्पष्ट पार्छ ।

- अझ वास्तविकता के हो भने केही वर्षयता व्यवसायिक महिला पत्रकारहरूमाथि हुने गरेका घटनाहरू अझ वृद्धि भएका छन् । बढ्दो द्वन्द्व र महिलामाथि हुने गरेका दुर्व्यहारका कारण पत्रकार बन्नका लागि महिलाहरू निरुत्साहित हुँदै गएका छन् । गरिब, दलित, आदिवासी, जनजातिलगायत अन्य पिछडिएका वर्गहरूको त पत्रकारिता क्षेत्रमा अझै पनि न्यून सहभागिता रहेको छ ।

- नेपालको अन्तरिम संविधानमा मौलिक हक अधिकारका रूपमा सूचना पाउने अधिकार र प्रेस स्वतन्त्रताबारेमा उल्लेख गरेको छ । यद्यपि सबै सम्बन्धित निकायहरूले प्रेस स्वतन्त्रता तथा पत्रकारहरूलाई सुरक्षाको प्रत्याभूति दिन थप कार्य गर्नु जरुरी छ ।

- अन्तरिम संविधानमा व्यवस्था भएका मौलिक अधिकारको सहज उपभोग गर्ने वातावरण बनाउनु सरकारको मुख्य दायित्व भएकाले संविधानमा उल्लेख भएका मौलिक हकअधिकार प्रत्यायोजन गर्न आवश्यक पर्ने अन्य कानुनहरू निमार्ण तथा कार्यान्यवनको प्रत्याभूति पनि सरकारले दिनुपर्छ ।

- उच्चस्तरीय मिडीया आयोगले दिएको सुझावलाई यथासक्य चाँडो कार्यान्वियन हुने कुरामा हामी आशावादी छौं । र श्रमजीवी पत्रकार ऐन लागू गरी सोको कार्यान्वयनको प्रत्याभूतिका लागि सबै सम्बन्धित निकायलाई निर्देशन तथा समन्वय गर्न सरकारलाई हाम्रो अनुरोध छ ।

- स्वतन्त्र प्रेसको अवधारणालाई राज्यका सबै निकायमा स्पष्ट गराउनुपर्ने आवश्यकता रहेको छ। स्वतन्त्र प्रेसको अवधारणाअनुसार सबै सञ्चारमाध्यम र पत्रकारहरूलाई सरकारी क्रियाकलापको सूचना सहज ढङ्ले उपलब्ध गराउने व्यवस्था गर्नका लागि पनि हामी सरकारसमक्ष प्रस्ताव गर्दछौ ।

- बढ्दो दण्डहीनता अन्त्यका लागि राज्यले सुरक्षा निकायलाई सबल, सक्षम बनाउने तथा पत्रकार र सञ्चारगृहको सुरक्षाका लागि छुट्टै रणनीति बनाई सुरक्षा निकायले कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ । विशेष गरी महिला पत्रकारहरूको सुरक्षाको सवालमा अझ बढी ध्यान दिन सुझाव दिन चाहन्छौ ।

- आगामी दिनमा प्रेस स्वन्त्रताको अवस्था सुदृढ गर्नका लागि विगतमा सञ्चार क्षेत्रमाथि भएका दमन र त्यसको असरका बारेमा अध्ययन गरी सुझावसहितको प्रतिवेदन दिन राज्यबाट उच्चस्तरीय छानबिन आयोगको गठन गर्न पनि सुझाव दिन चाहान्छौ ।

- काठमाडौंबाहिरको सञ्चार क्षेत्र तथा मोफसलमा क्रियाशील सञ्चारकर्मीको विकासका लागि राष्ट्रियस्तरको कार्यक्रम तय गर्न तथा महिला, दलित, जनजातिलगायत अन्य पिछडिएका वर्गलाई पत्रकारितामा लाग्न प्रोत्साहन गर्ने गरी सीपमूलक कार्यक्रम लागू गर्न पनि सारकारलाई सुझाव दिन चहान्छौ ।

- द्वन्द्वकालमा विस्थापित पत्रकारहरूलाई पुनःस्थापना गराउन, सञ्चार गृहमा भएको क्षतिको क्षतिपूर्ति दिन र मारिएका पत्रकारका परिवारहरूको पालनपोषणमा सहयोग तथा उनीहरूका छोराछोरीको निःशुल्क शिक्षाको व्यवस्था गर्न सरकारसँग अनुरोध गर्दछौ ।

- ग्रामीण क्षेत्रमा सञ्चारको पहुँच विस्तार गर्न, ग्रामीण सामुदायिक रेडियो र ग्रामीण पत्रिकाको विकासमा विशेष कार्यक्रम लागू गर्न सरकारसमक्ष सुझाव पेश गर्दछौ । त्यसैगरी नयाँ प्रविधि ल्याउन तथा विकास गर्न आवश्यक पहलको अनुरोध गर्छौ ।

- द्वन्द्वकालमा अङ्गभङ्ग पारिएका पत्रकारहरूको निःशुल्क उपचार तथा जिविकोपार्जनका लागि वैकल्पिक आय स्रोत व्यवस्थाको पहल गर्न अनुरोध छ ।

- राज्यबाट उपलब्ध हुने विज्ञापनलगायतका अन्य सुविधाको न्योचित वितरण गर्ने प्रणालीको विकास गर्नका लागि र सञ्चारकर्मी तथा सञ्चारगृहको सुरक्षाका लागि बिमाको व्यवस्था गर्न पनि हामी सरकारसमक्ष प्रस्ताव गर्दछौ ।

- सबै राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमै प्रेस स्वतन्त्रताको सम्मान र स्वतन्त्र सञ्चारको नीति स्पष्ट गर्नुपर्ने तथा घोषणापत्रमा उल्लेख नीतिलाई कडाईसाथ पालना गर्न, गराउन आफ्ना महातहतका संगठन तथा कार्यकर्ता पंक्तिमा आह्वान गर्न हामी सबै राजनीतिक दलसँग अपिल गर्दछौ ।

- स्वतन्त्र प्रेसमाथि आक्रमण गर्ने पाटीका कार्यकर्ताहरूलाई ऊ निकटको पाटी कमिटी वा जिम्मेवार निकायले सोही पाटीको विधानअनुरूप कारवाही गरिने कुरामा हामी आशावादी छौं ।

- सबै राजनीतिक दलहरूले सञ्चार क्षेत्रको सुरक्षा र विकासका लागि नीति निमार्ण तहमा राज्यलाई सहयोग गर्ने तथा आवश्यक कानुन निमार्णका लागि आफ्ना विधायिका-संसद् सदस्यहरूलाई निर्देशन दिनेछन् भन्ने कुरामा हामी विश्वस्त छौ ।

- पाटीका सबै गतिविधिहरूको जानकारी आधुनिक सञ्चारप्रणालीमार्फत् बिना रोकटोक र छिटोछरितो रूपमा पत्रकारहरूलाई दिने व्यवस्था गर्न पनि सबै पार्टीलाई सुझाव दिन चाहान्छौ ।

- सबै पार्टीले पत्रकारहरूलाई आफ्नो पक्ष वा दलगत स्वार्थमा प्रयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नेछन् भन्ने कुरामा हामी आशावादी छौ ।

- स्थानीय क्षेत्रमा भएका सत्यतथ्य घटना तथा गतिविधिहरूका बारेमा जानकारी गराई पत्रकारहरूलाई सहयोग गर्नका लागि नागरिक समाजलाई सुझाव दिन चाहन्छौ ।

- सबै पक्षले जनसरोकारका विषयमा माग प्रस्तुत गर्दा वा अन्य प्रदर्शन गर्दा सञ्चारकर्मीहरूको सुरक्षाका बारेमा स्पष्ट गर्न, त्यस्ता कार्यक्रममा सञ्चार क्षेत्रको संवेदनशीलतालाई ध्यान दिन तथा विशेष गरी कार्यक्षेत्रमा रहेका महिला पत्रकारहरूका संवेदनशीलतालाई बुझी उनिहरूलाई सहयोग गर्नेछन् भन्ने हामी अपेक्षा राख्दछौ ।

- नागरिक समाजले जनताका प्रत्यक्ष सरोकारका विषय सत्यतथ्य र शान्तिपूर्ण रूपमा उठान गर्ने कुरामा हामी आशावादी छौ ।

- सबै सञ्चारकर्मीहरूले सन्तुलित र वास्तविक समाचार सम्प्रेषण गर्ने र आचारसंहिता पालना गर्ने कुराको हामी आशा राख्दछौ ।

- साथै द्वन्द्वका बेलामा आवश्यक पर्ने सुरक्षा उपायहरूका बारेमा सीप विकास गर्ने, आवश्यक साधनहरू साथमा राख्ने, जनताका संवेदनशील विषयका समाचार सम्प्रेषण गर्दा अत्यन्त सावधान रहने, आन्दोलन तथा द्वन्द्वमा आफ्नो साथीको सुरक्षाका लागि तयार रहने, घाईते वा विरामीलाई सहयोग गर्ने र अन्य सुरक्षात्मक दृष्टिकोणले महत्त्वपुर्ण सूचनाहरू भएमा साथीहरूलाई जानकारी गराउनुपर्ने सुझाव सञ्चारकर्मीहरूलाई दिन चाहन्छौ ।

- सरकारद्वारा पत्रकार र सञ्चारगृहको सुरक्षाको लागि चालिएका र चालिने सुरक्षाका कदमहरूलाई प्रभावकारी बनाउन सबै पत्रकाहरूबाट सहयोग हुनेछ भन्नेमा हामी आशावादी छौ ।

- अन्त्यमा सबै राजनीतिक दलहरू बृहत् शान्ति सम्झौताको कार्यान्वयनमा गम्भीर हुने कुरामा हामी आशावादी छौं ।

# सन्दर्भ-सूची

## प्रमुख स्रोतः

विभिन्न जिल्लाहरूमा गरिएको अनुसन्धान, पत्रकारहरूको अवस्था विश्लेषण साथै इलाम, मोरङ, सुनसरी, सिराहा, सप्तरी, बर्दिया, नेपालगञ्ज, धादिङ तथा काभ्रेपलान्चोकको स्थलगत अध्ययन, स्थानीय पत्रकार, सञ्चारगृह, राजनीतिक दल र नागरिक समाजसँग सम्पन्न गरिएका व्यक्तिगत तथा समूहगत छलफल ।

## सहायक स्रोतः


- बुलेटिन, नेपाल पत्रकार महासंघ २०६३ मङ्सिरदेखि चैत अङ्कसम्म ।
- प्रेस स्वतन्त्रताका एक वर्ष, नेपाल पत्रकार महासंघ-२०६३ ।
- नेपाल प्रतिवेदन, फ्रिडम फोरम-२०६३ ।
- सूचनाको स्वतन्त्रता, सेहुर्डेस-२०६२ ।
- सञ्चार द्वन्द्व रोकथाम र पुनःसंरचना, युनेस्को-२०६१ ।
- The Creation of the Media: Political Origins of Modern Communications, Starr, Paul
- सञ्चारमाथिको दमन र आतङकवाद, युनेस्को-२०६१ ।
- सङ्कटकालमा नेपाली प्रेस, नेपाल पत्रकार महासंघ-२०६१ ।
- कान्तिपुर दैनिक ।
- द काठमाण्डौं पोष्ट दैनिक ।
- नेपाल समाचारपत्र दैनिक ।
- गोरखापत्र दैनिक ।
- अन्नपूर्ण पोष्ट दैनिक ।
- द हिमालयन टाइम्स दैनिक ।
- नेपाली प्रेसका सन्दर्भमा लेखिएका अन्य लेख रचनाहरू
- साथै विभिन्न वेभसाइटहरू